## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
## सानोठिमी, भक्तपुर
## प्रि(डिप्लोमा तहको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको स्तरोन्नति सम्वन्धी अत्यन्त जरुरी सूचना
## प्रकाशित मिति २०७८।०१।०३

यस परिषद् कार्यालयबाट सम्बन्धन/स्वीकृति प्राप्त गरेका प्रमाण-पत्र तह भन्दा मुनिका प्रि-डिप्लोमा तहका स्वास्थ्य सम्बन्धी (तत्कालीन TSLC) कार्यक्रमहरुको राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम स्तरोन्नतिका लागि राष्ट्रिय चिकित्सा शिक्षा आयोगद्धारा तयार पारिएको स्तरोन्नति सम्बन्धी मापदण्ड, २०७७ बमोजिम स्तरोन्नति गरिने भएको हुनाले सम्बन्धित संस्थाहरुले यो सूचना प्रकाशित भएको मिति देखि ३५ दिन भित्र आफुले स्तरोन्नति हुन चाहेको कार्यक्रम र सो सँग सम्बन्धित तपशिलमा उल्लेखित सम्पूर्ण कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । स्तरोन्नति सम्बन्धी मापदण्ड परिषद् कार्यालयको वेभसाइट www.ctevt.org.np बाट हेरी सोही बमोजिम स्तरोन्नति सम्बन्धी निवेदन पेश गर्नहुन यसै सूचनाद्धारा जानकारी गराइन्छ । साथै तोकिएको म्याद भित्र दर्ता हुन नआएका संस्था तथा कार्यक्रमहरुका निबेदन उपर स्तरोन्नति सम्बन्धी कुनै प्रकृया अगाडी नबढ्ने व्यहोरा समेत सूचित गरिन्छ ।

**<u>संलग्न गनुपर्ने कागजातहरु :</u>**

१. संस्था दर्ता सम्बन्धी सम्पूर्ण कागजातहरु ( कम्पनी अद्यावधिक कर चुक्ता, आदि) ।

२. परिषद् कार्यालयबाट प्रि-डिप्लोमा कार्यक्रम सञ्चालनको लागि दिइएको सम्बन्धन/स्वीकृति पत्र ।

३. आ.व.२०७७/०७८ को नबिकरण पत्र ।

४. स्तरोन्नति हुन चाहेको कार्यक्रम र सो सँग सम्बन्धित अस्पताल सँगको सहमति /सम्झौता पत्र ।

५. नामसारी, ठाउँसारी,स्वामित्व परिवर्तन र मर्ज गर्न चाहेमा सो सम्बन्धी सम्पूर्ण कागजातहरु ( ठाउसारीको लागि संस्थाको वा ब्यक्ति संग गरेको घरभाडा सम्झौता, जग्गाधनी प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र र नामसारी र स्वामित्व हस्तान्तरणको लागि सम्बन्धित निकायबाट नामसारी स्वामित्व हस्तान्तरण गरिएको कागजात ) ।

६. प्रमाण-पत्र तह नर्सिङ्ग कार्यक्रममा स्तरोन्नति हुन चाहने संस्थाले आफ्नै संस्थाको स्वामित्वमा सञ्चालन भएको १०० वेड क्षमताको अस्पतालको अनुमति पत्र ।

७. सामान्य चिकित्सा, ल्याब टेक्निसियन, रेडियोग्राफी र फिजियोथेरापी कार्यक्रममा स्तरोन्नति हुन चाहाने संस्थाहरुले ५० वेड क्षमतामा सञ्चालित अस्पतालको सहमति पत्र तथा आयुर्वेद र अकुपंचर कार्यक्रममा स्तरोन्नति हुन चाहने संस्थाहरुले कम्तीमा १५ वेड क्षमतामा सञ्चालित अस्पतालसँगको सहमति पत्र हुनुपर्नेछ । यसरी अस्पतालको सहमति लिंदा एउटा अस्पतालले एक मात्र कार्यक्रम वा संस्थालाई मात्र सहमति दिन पाउने हुंदा सो बमोजिमको अस्पतालको व्यवस्था भएमा मात्र स्तरोन्नति सम्बन्धी प्रकृया गरिनेछ ।

८. प्रि-डिप्लोमा तहमा सञ्चालन भएका कार्यक्रमहरु स्तरोन्नति भई डिप्लोमा तहमा सञ्चालन हुने कार्यक्रमहरु सम्बन्धित संस्थाले पहिलेनै सञ्चालन गरिरहेको भएमा त्यस्ता संस्थाहरुले आयूर्बेद चिकित्सा ,अकुपञ्चर अकुप्रेशर एण्ड मोक्सिबुशन, रेडियोग्राफी र फिजियोथेरापी कार्यक्रमहरु मध्येमा स्तरोन्नति गर्न पाइने छ ।

९. प्रि-डिप्लोमा तहका अनमी कार्यक्रम सञ्चालन भएको संस्थाले प्रमाण-पत्र तह नर्सिङ्ग कार्यक्रममा स्तरोन्नति गर्न नसकेमा आयूर्बेद चिकित्सा ,अकुपञ्चर अकुप्रेशर एण्ड मोक्सिबुशन, रेडियोग्राफी र फिजियोथेरापी कार्यक्रमहरुमा स्तरोन्नति हुन सक्नेछन् । तर यसरी स्तरोन्नति हुंदा तोकिएको मापदण्डहरु पुरा भएको हुनुपर्नेछ ।

१०.प्रि-डिप्लोमा तहबाट स्तरोन्नति भई प्रमाण पत्र तहमा सम्बन्धन/स्वीकृति प्राप्त गरेका संस्थाहरुले सम्बन्धन/स्वीकृति प्राप्त गरेको मिति देखि कम्तिमा २ बर्ष सम्म नामसारी, ठाउँसारी,स्वामित्व परिवर्तन र मर्ज गर्न पाइने छैन ।

प्राविधिक शिक्षा तथा
व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर ।